# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

## सुपरीवेक्षक, गणक, उद्यम विकास सहजकर्ता र एम्बुलेन्स चालक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः-२०७८/१०/१८)

यस नगरपालिकाको मिति २०७८/१०/१६ गतेको निर्णयानुसार गरिव घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमका लागि, गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालनका लागि र यस कार्यालयको एम्बुलेन्स संचालनका लागि तपशिल वमोजिमका पदहरु सेवा करारवाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०७८/११/३ गते) भित्र परीक्षा दस्तुर वापतको रकम नगरपालिकाको राजश्व शाखामा वुझाएको सक्कलै रसिद संलग्न गरी यस नगरपालिकाको प्रशासन शाखामा रितपूर्वकको आवेदन दिनु हुन सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | सेवा अवधि | परीक्षा दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | १-२०७८/०७९ | सुपरीवेक्षक | १ | २०७९ असार मसान्तसम्म | ५००।- |
| २ | २-२०७८/०७९ | गणक | ५ | २०७९ असार मसान्तसम्म | ३००।- |
| ३ | ३-२०७८/०७९ | उद्यम विकास सहजकर्ता | १ | २०७९ असार मसान्तसम्म | ३००।- |
| ४ | ४-२०७८/०७९ | एम्बुलेन्स चालक | १ | २०७९ असार मसान्तसम्म | ३००।- |

क) आवश्यक न्यूनतम योग्यता :

**सुपरीवेक्षकको लागि :**

१) मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र कम्प्यूटर सम्वन्धी आधारभूत ज्ञान भएको ।

२) दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

३) सम्वन्धित स्थानीय तहको वासिन्दालाई प्राथमिकता दिईने ।

**गणकको लागि :**

१) मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्यूटर सम्वन्धी आधारभूत ज्ञान भएको ।

२) दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

३) सम्वन्धित स्थानीय तहको वासिन्दालाई प्राथमिकता दिईने ।

**उद्यम विकास सहजकर्ताको लागि:**

१) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिपद् (सिटिभिटि) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिपद्वाट उद्यम विकास सहजकर्ता सीप परिक्षण तह २ वा ३ उत्तिर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिपद्वाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तिर्ण गरेको ।

२) दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुगी ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

**एम्बुलेन्स चालकको लागिः**

१) साधारण लेखपढ गर्न सक्ने ।

२) हलुका सवारी चालकको चालक अनुमती पत्र भएको ।

३) दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुगी ३५ वर्ष ननाघेको हुनु पर्नेछ ।

४) अनुभवीलाई विशेष प्राथमिकता दिईनेछ ।

**ख) आवेदनसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

२) न्यूनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यता भएमा शैक्षिक योग्यता खुलेको तथ्यांक र चारित्रिक प्रमाण पत्रको प्रमाणित प्रतिलिपि । सबै प्रमाणपत्रहरुमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरेको हुनुपर्नेछ । समकक्षता चाहिनेको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

**ग) पारिश्रमिक सुविधा :**

१) सुपरीवेक्षकको लागि राजपत्र अनङ्कित प्रथम श्रेणीको शुरु तलब स्केल र नियमानुसारको अन्य सुविधा ।

२) गणकको लागि राजपत्र अनङ्कित द्वितिय श्रेणीको शुरु तलब स्केल र नियमानुसारको अन्य सुविधा ।

३) उद्यम विकास सहजकर्ताको लागि सहायक चौथो तह सरहको शुरु तलब स्केल र नियमानुसारको अन्य सुविधा ।

४) एम्बुलेन्स चालकको लागि नेपाल सरकारले तोकेको हलुका सवारी चालक प्रथम तहको शुरु तलब स्केल र नियमानुसारको अन्य सुविधा ।

**घ) छनौटको किसिम :**

१) रितपूर्वक प्राप्त आवेदनको आधारमा मूल्यांकन गरी उम्मेदवारको प्रारम्भिक सूची छनौट गरी प्रकाशन गरिनेछ ।

२) बुँदा नं १ बमोजिम छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा समावेश गराईनेछ ।

३) विज्ञापन नं.१/०७८/०७९, २/०७८/०७९ र ४/०७८/०७९ को लागि प्रयोगात्मक परिक्षा लिइनेछ ।

ङ) अन्यः कर्मचारी छनौट गर्ने तथा नगर्ने सम्पूर्ण अधिकार दक्षिणकाली नगरपालिकामा निहित हुनेछ ।

च) सूचनामा उल्लेख भए बाहेकका अन्य आवश्यक कुराहरु उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे तथा प्रचलित कानून बमोजिम हुनेछ ।

छ) आवेदन फाराम यस नगरपालिकाको वेवसाईट www.dakshinkalimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ वा यस कार्यालयको प्रशासन शाखाबाट समेत प्राप्त गर्न सकिनेछ ।

ज) परीक्षा हुने केन्द्र र मितिः अन्तर्वार्ताको मिति र केन्द्र पछि प्रकाशन गरिनेछ ।

झ) थप जानकारीको लागि यस नगरपालिकाको सम्पर्क नं.०१-४७१००२८ र इमेल info@dakshinkalimun.gov.np मा सम्पर्क गर्न सक्नु हुनेछ ।

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत